अनुसूची-५
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

# तेह्रथुम जिल्ला अदालत

## म्याङलुङ, तेह्रथुम

## सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

**सूचना नं. १**

प्रथम पटक प्रकाशित मिति २०८१।१२।०८

उप-सचिव

यस कार्यालयमा रहेको तपसिल बमोजिमको मारुती जिप्सी गाडी जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र (**२०८१।१२।१४ गते कार्यालय समयसम्म**) लिलाम विक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रू.१२५०/- (एकहजार दुइसय पचास रुपैयाँ) नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आव्हान गरिएको छ ।

१. लिलाम विक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण

| क्र.सं. | सम्पत्ति तथा मालसामानको नाम | सुरु प्राप्ति मिति | ब्राण्ड | स्पेसिफिकेशन | अनुमानित न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिप (मारुती जिप्सी) | २०५६।०२।१७ | नखुलेको | Engine no. P10AIN 245626 Chasis No. 193339 | २५,०००।- (पच्चिस हजार) | पत्रु लिलाम हुने |

२. लिलाम बढाबढ हुने स्थान, समय र मिति
   क. स्थान: **तेह्रथुम जिल्ला अदालत कार्यालय, तेह्रथुम परिसर**
   ख. मिति:**२०८१।१२।१५**
   ग. समय:**दिनको ११:०० बजे देखि दिनको २:०० बजेसम्म**
३. लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम विक्री मूल्यबाटै सुरु हुनेछ ।
४. लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रू.२५,०००/- (अक्षरेपी पच्चिस हजार रुपैयाँ) को ५% ले हुने रू.१,२५०/- नगद धरौटी राख्नुपर्नेछ ।
५. प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ ।
६. लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११:०० बजेदेखि २:०० बजेसम्म जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।
७. लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले ७ (सात) दिनभित्र उठाई लैजानु पर्नेछ ।
८. लिलाम बढाबढ हुने दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।
९. लिलाम सम्बन्धमा थप जानकारी तथा अन्य कुराहरू बुझ्नु परेमा यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्न सकिने छ।